नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०८०।८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३४१

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति२०८०/११/२७

ने.सं. ११४४ सिल्लागा, ३० आईतबार

**विषय : राष्ट्रिय परिचय नम्बर (NIN) सहितको जन्म दर्ताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा।**

श्री स्थानीय तह, अनलाईन घटना दर्ता प्रणाली सञ्चालन भएका सबै।
श्री नेपाली कुटनीतिक नियोग, घटना दर्ता गर्न तोकिएका सबै।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ६ को उपदफा (३) मा नेपाली नागरिकका सन्तानको जन्म दर्ता गर्दाको बखत स्थानीय पञ्जीकाधिकारीले विभागबाट तोकिए बमोजिम परिचय नम्बर प्राप्त गरी सम्बन्धित व्यक्तिलाई त्यस्तो परिचय नम्बर प्रदान गर्नु पर्ने व्यवस्था भए बमोजिम यस विभागको मिति २०८०/११/२७ को निर्णयानुसार नेपाली नागरिकका १६ वर्ष भन्दा कम उमेरको सन्तानको जन्म दर्ता गर्दाको बखत राष्ट्रिय परिचय नम्बर (NIN) सहितको जन्म दर्ताको प्रमाणपत्र जारी गर्न देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

देहायः

१. नेपाली नागरिकका १६ वर्ष भन्दा कम उमेरका सन्तानको जन्म दर्ता गर्दाको बखत राष्ट्रिय परिचय नम्बर (NIN) सहितको जन्म दर्ताको प्रमाणपत्र जारी गर्ने व्यवस्था गर्नु गराउनु हुन,

२. नेपाली नागरिकका १६ वर्ष भन्दा कम उमेरका सन्तानको जन्म दर्ताको प्रमाणपत्र संशोधन तथा प्रतिलिपी जारी गर्दा समेत राष्ट्रिय परिचय नम्बर (NIN) सहितको संशोधित तथा प्रतिलिपी प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गर्नु गराउनु हुन,

३. कुनै प्राविधिक कारणले जन्म दर्ता गर्दा राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त हुन नसकेमा विभागमा सम्पर्क गरि राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त भए पश्चात मात्र प्रमाणपत्र जारी गर्ने व्यवस्था गर्नु गराउनु हुन।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

**बोधार्थः**

श्री गृह मन्त्रालय, सिंहदरबार।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार।
श्री सूचना प्रविधी शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग।
श्री राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np